चित्र बहादुर कार्की
नगर प्रमुख

सैनामैना नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटनगर
लुम्बिनी प्रदेश
२०७३

**मिति २०७८/०१/०८ गतेको नगर स्तरीय कोभिड संकट व्यवस्थापन केन्द्रका बैठकका निर्णयहरु:**

२०७८ बैशाष ८ गते सम्म सैनामैना नगरपालिकामा जम्मा संक्रमितको संख्या वडा नं. १ मा -३ जना, वडा नं. २ मा -२ जना, वडा नं.३ मा -१ जना, वडा नं.४ मा -२ जना, वडा नं. ५ मा -१ जना, वडा नं.६ मा -२ जना, वडा नं. ७ मा -२ जना, वडा नं.८ मा -८ जना, वडा नं. ९ मा -२ जना, वडा नं. १० मा -२ जना र वडा नं. ११ मा -२ जना गरी वडा नं.२४ जना रहेको जानकारी गराइयो र देशमा फैलदै गरेको कोरोना भाइरस कोभिड १९ यस सैनामैना नगरपालिका क्षेत्रमा समेत फैलिरहेकोले उक्त संक्रामक रोगलाई रोकथाम गर्नको लागि तपसिल बमोजिम गर्ने गराउने निर्णय गरियो :

तपसिल

१. नगर स्तरीय आइसोलेसन र क्वारेन्टीन वडा नं. १ मा रहेको पदमपाणि योग तथा प्राकृतिक चिकित्सालयको उत्तर तर्फको भवनमा सञ्चालन गर्ने र प्राविधिक जनशक्ति औषधि, एम्बुलेन्स तथा उपकरणको व्यवस्था नगरपालिकाले गर्ने र सोको तल्लो भवनमा अस्थायी अस्पताल सञ्चालनको लागि पदमपाणि योग तथा प्राकृतिक चिकित्सालयलाई अनुरोध गर्ने ।

२ रोजगारी वा अन्य कारणले विदेश रहेका आफ्ना परिवारका सदस्यहरु स्वदेश फर्कने सम्भावना भएकोले त्यस्ता घर परिवारहरुले आफ्ना घरमा एउटा कोठा आइसोलेसन र क्वारेन्टीनको लागि तयार गरी राख्ने, छिमेकी सहयोग र हातेमालो गर्दै असुविधाजनक घर भएका छिमेकीहरुलाई आइसोलेसन र क्वारेन्टीनको सुविधा उपलव्ध गराउन सम्पूर्ण नगरवासीलाई आग्रह गर्ने, नगरबाहिरबाट आउने सबैलाई १० दिन क्वारेन्टीनमा बस्नुपर्ने नियमलाई सबैले पालना गर्ने, गराउने ।

३ यस अघि गठित नगर स्तरीय तथा वडा स्तरीय कोरोना संकट व्यवस्थापन समिति र टोल सुरक्षा समितिलाई पूर्ववत रुपमा क्रियासिल गर्ने गराउने ।

४. शिक्षा क्षेत्र तर्फ विद्यालय परिसर भित्र उच्च स्वास्थ्य सुरक्षा सतर्कता अपनाउने, नगर स्तरीय कक्षा ८ को परीक्षा होम सेन्टर कायम गरी विहानको समयमा र अन्य कक्षाका परीक्षा दिउसोको समयमा २०७८/०१/१६ देखि सञ्चालन गर्ने र २०७८/०१/१२ देखि विद्यालयमा पठनपाठन बन्द गरी परीक्षाको तयारी गर्ने ।

५. व्यवसायिक क्षेत्र तर्फ स्वास्थ्य सुरक्षा सतर्कता अपनाई पसल अगाडि हात धुने व्यवस्था, सामाजिक दुरी कायम गरी गोलाकार घेराको प्रबन्ध अनिवार्य रुपमा गरी सुर्योदय देखि सुर्यास्त सम्म सञ्चालन गर्ने र सकभर बैंक तथा वित्तीय संस्थाबाट प्रदान गरिने क्यू आर कोड प्रयोगमा ल्याउने ।

६. विकास योजना सञ्चालन तर्फ संघ प्रदेश र स्थानीय तहका प्राथमिकताका योजना र सैनामैना नगर स्तरीय योजनाहरु स्वास्थ्य सुरक्षा सतर्कता ( मास्क, सेनिटाइजर र क्वारेन्टीन सरहको बसाई आदि) व्यवस्थापन सहित सञ्चालन गर्ने र स्थानीय मजदुरलाई प्राथमिकता दिने ।

चित्र बहादुर कार्की
नगर प्रमुख

चित्र बहादुर कार्की
नगर प्रमुख

मिति २०७८/०१/०८ गतेको नगर स्तरीय कोभिड संकट व्यवस्थापन केन्द्रका बैठकका निर्णयहरु:

७. बैंक, वित्तीय संस्था, सहकारी तथा रेमिट्यान्स सेवा कार्यालय समयमा सञ्चालन गर्ने, भौतिक दुरी, सेनिटाइजर र मास्कको प्रयोग अनिवार्य गर्ने र व्यवसायिक पसलहरुलाई क्यू आर कोड उपलव्ध गराउने ।

८. तीनपांग्रे सवारी साधनमा बढीमा दुइ जना सम्म बोक्न सक्ने भौतिक दुरी, सेनिटाइजर र मास्कको प्रयोग अनिवार्य गर्ने र भाडा लेनदेन गर्दा क्यू आर कोडको प्रयोग गर्ने ।

९. २०७८ बैशाख १० गते देखि २०७८ बैशाख मशान्त सम्म साप्ताहिक हाटबजार बन्द गर्ने ।

१०. मेला महोत्सव, ठूला भेला, भोज तथा भिडभाड हुने कार्यक्रमहरु अर्को सूचना नभएसम्मको लागि बन्द गर्ने र जन्ती तथा मलामी २५ जना भन्दा बढी नजाने ।

११. कार्यालय तथा संघ संस्थामा प्रवेश गर्दा मास्क र सेनिटाइजरको अनिवार्य प्रयोग गर्ने ।

चित्र बहादुर कार्की
नगर प्रमुख